आमा बचत तथा ऋण सहकारी संस्था लि

काठमाडौँ-६,बौद्ध काठमाडौँ

तेस्रो वार्षिक साधरण सभा पुस्तिका
२०८२

दर्ता नं. ४००/०७९/०८०
पान नं. ६१९६८८८११

आमा
बचत तथा ऋण सहकारी संस्था लि.
Aama Saving and Credit Co-operative Ltd.

नेफ्स्कून

च.नं. १२,०८२/०८३

मिति : २०८२/०४/१५

श्री आदरणीय शेयर सदस्य महानुभावहरु

विषय : तेस्रो वार्षिक साधारण सभा सम्वन्धी सुचना सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस आमा बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको मिति २०८२/०४/१४ गतेको निर्णयअनुसार संस्थाको तेस्रो वार्षिक साधरण सभा तपशिलको मिति ,समय ,स्थान र प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न सभा वस्ने भएकाले सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा यसै सुचनालाई आधार मानी यहाँहरुको अनिवार्य उपस्थितीको लागि अनुरोध गरिन्छ ।

तपशिल

मिति : २०८२/०५/१४ गते शनिबार

समय : बिहान ९ बजे

स्थान : ज्योति व्यान्क्वेट एण्ड इभेन्ट म्यानेजमेनट प्रा.लि.। का.म.पा. ०७,मैजुवहाल,कुमारीगाल

प्रस्ताबहरु

१) संचालक समितिको आ.व.२०८१/८२ बार्षिक प्रतिवेदन सम्बन्धमा ।
२) संस्थाको आ.व.२०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३) संस्थाको आ.व.२०८१/८२ लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४) संस्थाको आ.व.२०८२/८३ को वजेट तथा वार्षिक कार्ययोजना सम्बन्धमा ।
५) संस्थाको आन्तरीक नीति तथा कार्यबिधीहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६) संस्थाको आ.व.२०८२/८३ का लागि बाह्रय लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
७) साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरण गर्न प्रतिनिधी चयन गर्ने सम्बन्धमा ।
८) निस्कीय सदस्यहरुको पहिचान गर्ने सम्वन्धमा ।
९) बिविध ।

....
सुरेश काफ्ले
सचिब
संचालक समितिको आज्ञाले

(नोट : यस संस्थाका सदस्यका छोरा छोरी तथा बालसदस्य बचतकर्ता एस.ई.ई २०८१ को परिक्षामा सामेल भई उर्तिण हुनेहरुलाई संस्थाको साधरण सभामा सम्मान गर्ने कार्यकम रहेकाले २०८२/०५/०५ गते सम्म आफ्नो ग्रेड सिट सहित नाम दर्ता गराउनुहुनका लागि अनुरोध गरिन्छ ।)

थप साधरण सभा सम्बन्धी जानकारीका लागि सम्पर्क नं. :९७६२३४४२००,९८५१३२४७८७

का.म.न.पा.-०६ बौद्ध, काठमाडौं
फोन नं. ०१-४५६८१२२,४५८२४८९
इमेलः aamascltd@gmail.com

आमा बचत तथा ऋण सहकारी संस्था लि.
काठमाण्डौं-६,वौद्ध
अध्यक्षको मन्तव्य

राम बहादुर कटवाल

यस साधारण सभाका प्रमूख अतिथि ,अतिथि ज्यूहरु ,यस संस्थाका संचालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य ज्यूहरु,बिभिन्न उप समितिका संयोजक तथा सदस्य ज्यू,सम्पुर्ण उपस्थित शेयर सदस्य मित्रहरु ,कर्मचारीबर्ग ,पत्रकार साथै मान्यजनहरुमा म यस संस्थाको अध्यक्षको हैसियत र मेरा आफ्नो व्याक्तिगत तर्फबाट आभार व्यक्त गर्दछु ।

शेयर सदस्य ज्यूहरु, आमा भन्नु आफैमा उच्च मुल्यवान शव्द हो यहि आमाको नाम लिएर हिजोका दिनहरुमा एउटा कोठाबाट संस्था शुरुवात गरेको कुरा यहाँहरु सबैलाई थाहानै छ । आज हामी सबैको प्रयास , सहयोग र सदभावले आज हामी बौद्ध क्षेत्र भित्रको आमा सहकारीमा परिचित भएका छौं । मुलुकको विकाशमा सहकारी संस्थाहरुले खेल्ने भुमिका महत्वपुर्ण हुन्छ । तसर्थ यस संस्थाको माध्यमबाट समेत निर्सक्रिय रुपमा छरिएर रहेका पुजीँ ,श्रम तथा सीपलाई एकत्रित गरि उत्पादनशिल,आयमुलक तथा रोजगारी सृजना गर्ने क्षेत्रमा लगानी प्रवद्धन गर्दै प्रतिस्पर्धात्मक रुपमा उच्च गुणस्तरीय तथा विस्वसनीय,वित्तिय लगाएत समुदाय तथा सदस्यहरुको माग वमोजिम अन्य सम्भावीत क्षेत्रहरुको पहिचान गरि उनिहरुको आर्थिक,सामाजीक तथा सांस्कृतिक विकाशमा योगदान पुऱ्याउने उद्येस्यले यस संस्थाको स्थापना गरिएको छ ।

शेयर सदस्य ज्यूहरु,, हामीले संचालक लगाएत सबै समितिहरुले अहिले सम्म पनि कुनै पारिश्रमीक नलिकन यहाँहरुले दिएको अधिकारहरुलाई इमान्दार ,कर्मठका साथ पालाना गरेको यहाँहरु समक्ष प्रतिवद्ध गर्न चाहान्छु । संस्थाको हितलाई सर्वपरि ठान्दै हामी सम्पुर्ण संचालकहरु लागि परिरहेको जानकारी गराउन चाहान्छु ।

सदस्य ज्यूहरुले संस्थाप्रति देखाउनुभएका अटल विश्वास, सक्रिय सहभागिता , निरन्तर कारोबार प्रति हार्द्धिक धन्यबाद दिन चाहान्छु । यहाँहरुले देखाउनु भएको बिश्वास र भरोसालाई संस्थाले कहिल्यै तल पर्न नदिने प्रतिबद्धता व्यक्त गर्दछु । भोलिका दिनहरुमा पनि यहाँहरुको हरेक बिषयमा उतिकै सक्रिय सहभागिता रहने छ भन्ने बिश्वास लिएको छु । बजारमा रहेको अस्वस्थ प्रतिस्पर्धा ,सहकारी प्रति रहेको नकरात्मक सोचलाई चिरी संख्यात्मक भन्दा गुणात्मक सहकारी संचालन आजको आवश्यकता हो । सोही अनुसार संस्था संचालन भईरहेको यहाँहरुलाई जानकारी गराउन चाहान्छु ।

आज केहि सहकारी संस्थाहरुले आफ्नो सस्तो लोकप्रियता प्रदर्शन गरि सहकारी मुल्य मान्यता विपरित सदस्यहरुलाई प्रलोभन देखाएर आकर्षण गर्ने कार्य गर्दै आएका छन् ।आमा साकोस कसैलाई लोभ देखाएर तत्कालिक प्रलोभन देखाएर सदस्यहरुलाई धोखा दिन चाहादैन ।तत्कालि फाईदा भन्दा दीर्घकालिन र भरपर्दो सेवा उपलव्ध गराउने तथा वृद्ध अवस्थाको सुरक्षाका लागि आफ्नो मुख्य लक्ष्य लिएको छ। यो लक्ष्य पुरा गर्दा सदस्यहरुमा दिर्घकाल सम्मको उपलव्धीर्ला पर्खिनु भन्दा तत्काल कुनै फाईदा पाए हुन्थ्यो भन्ने आंकाक्षा रहन सक्दछ तर यो पनि याद गर्नु पर्छ कि असारमा रोपेको धानको प्रतिफल लिन मंसिर पर्खनु पर्दछ । संस्थामा गरेको लगानीको मिठो र दीर्घकालिन फल चाख्नको

लागि केहि समय पर्खिनै पर्दछ । साउनको खहरे हेरेर मात्र हुदैन चैत्रमा त्यसको वेग नापेर मात्र त्यसको वास्तबिकता थाहा हुन्छ ।

संस्थाको दिगो बिकाशको लागि वितिय सक्षमता , बजारमा प्रतिस्पर्धात्मक स्थान , संस्थाको प्रभावकारी संचालन , सदस्यहरुको सन्तुष्टि र कर्मचारीहरुको सन्तुष्टिको लागि शक्ति, सामर्थ्य र पहुँचको लागि यो वर्ष पुर्वधार बिकाश र सबै स्रोत , साधान र संसाधनहरुको यथोचित उपयोग गर्दै प्रबिधिहरुको स्तोरनति गर्दै, संस्थागत बिकाशमा केन्द्रित भई हाम्रा नीति प्रबिधि र अभ्यास सन्चालन गर्दै संस्थाको बिकाशमा लम्किने छौँ । कमिक विकाशको सन्दर्भमा हामीले हासील गरेका उपलब्धीहरु र संस्थाको पहल जारी राखेका छौँ । बित्तिय सुशाषन र कानुनी संहतिाको परिपालाना मार्फत सदस्यको बितिय पहुँच,उपलब्धता र बित्तिय संक्षमततामा बिशेष जोड दिएर अगाडी बढ्ने छौँ ।

शेयर सदस्य ज्युहरु , संस्था भनेको व्याक्तीले मात्रै चलाउने हैन सबै मिलेर चलाउने भएकाले तपाई शेयर सदस्यहरु चनाखो हुनु जरुरी छ । हामी शेयर सदस्यहरुले संचालक समितिहरुलाई दिएको जिम्वेवारी कुन तरिकाले परिचालन हुदै छ वा गर्दै छन त्यसको पहरेदार गर्नु तपाई हामी सबै शेयर सदस्यको कर्तव्य हो ।

सहकारी सुशाषन कायम हुनका लागि असल प्रणाली,सम्वन्ध र कार्यको आवश्यकता पर्दछ ।असल प्रणलीले संस्थाको स्रोत,साधन र शक्तिको आदर्श अभ्यास मार्पत उद्देश्य प्राप्त हुन्छ । संस्थाका संचालक सदस्यहरु,शेयर सदस्यहरु र कर्मचारीहरुबीच राम्रो समन्वय र असल व्यवहार भएन भने सहकारी संस्थाको लक्ष्य उद्देश्य र आशातित उपलब्धीहरु प्रप्त गर्न सकिदैन । संस्थाको असल कार्य भनेको उक्त संस्थाले आफ्ना शेयर सदस्यहरु र समुदायमा रहेका अन्य प्रत्यक्ष तथा परोक्ष रुपमा सरोकार राख्नेहरुको बिचमा सम्वन्ध र सहकार्यको अवस्थाबाट मात्र संस्थाको आन्तरीक तथा बाह्रय उपलब्धी हासील गर्न सकिन्छ ।

सदस्य ज्यूहरु हुन त कामको दौरानमा आमा सहकारीमा उतार चढाब नआएको हैनन् संस्था संचालनका दौरानमा उतार चढाब धेरै आएका छन् तर मेरो संचालक समिति लगाएत शेयर सदस्य ज्युहरुबाट हामीलाई पुरा सहयोग भएको हुदाँ ति उतार चढाबहरुलाई चिर्न सफल भएका छौँ ।
हाम्रो अनुभवमा संस्था जति सवल र सक्षम भयो शेयर सदस्यहरुलाई दिने बस्तु तथा सेवाहरु गुणस्तरीय र छिटो छरितो ढगंबाट हुन्छ । त्यसका लागि कार्यक्षेत्र भित्रका जनताहरुलाई आमा साकोसमा गोलबद्ध हुन आव्हान गर्दछु ।
धन्यबाद । जय सहकारी ।

सचिवको प्रगती प्रतिवेदन

(आ.व.२०८१/८२) सुरेश काफ्ले

यस तेस्रो वार्षिक साधारण सभाका सभापती महोदय ,हाम्रो निम्तालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यू ,अतिथिज्यूहरु ,सल्लाहाकार ज्यू,समिति तथा उपसमितिका सदस्यज्यूहरु ,विभिन्न सहकारीबाट पाल्नु भएको सहकारीकर्मी मित्रहरु ,विभिन्न संचार माध्यमबाट पाल्नुभएका संचारकर्मी मित्रहरु,कर्मचारी वर्ग र आजको यस सभालाई स्भावयामान गराई सु सम्पन्न गराउनका लागि उपस्थित सर्म्पूण सदस्य ज्यूहरु एंव उपस्थित महानुभावहरुमा हाद्धिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

मिति २०६५/०१/१३ गते विधिवत रुपमा स्थापना भई थोरै सदस्य र सानो पुजीँबाट संचालन भएको यस संस्थाले १८ औँ वर्षमा प्रवेश पाएको छ । हामी बिभिन्न आरोह अवरोह गर्दै आज तेस्रो वार्षिक साधरण सभा गर्न गईरहेका छौँ । यस अवधिमा ३००० सदस्य संख्या र १३ करोड ५० लाखको कुल सम्पति वनाउन सफलभएको छ। २०६५ सालमा स्थापीत भई आफ्नो सदस्य र समुदायको हितमा दतचित भई क्रियाशिल रहदै सहकारी सिद्धान्त,मूल्य,मान्यता,संस्थाको विनियम र सहकारी मापदण्डको आधारमा संस्था संचालन गर्दै आएका छौं । यस दौरानमा हामीले प्राप्त गरेका संस्थागत सद्भाव सहयोग र हौसलाका कारण हामीले गरेका विभिन्न रचनात्मक कार्यहरुले नै समूदायमा हामीलाई आशा र भरोषाको केन्द्र विन्दुको रुपमा लिएका छन् भन्ने विश्वासले हामीलाई अघि वढ्न प्रेरणा र उत्साह मिलेको छ। हाल देशमा विभिन्न किसिमका सहकारी संस्थाहरुको स्थापना व्यापक रुपमा भईसकेकोछ। यो प्रतिस्पर्धात्मक समयमा सहकारी संस्थाहरु वीच लोकप्रियताका साथ संस्थालाई अग्रगती दिई समूदायमा स्थापीत गराउन तपाईहरु सम्पूर्ण सदस्यहरुले खेल्नु भएको भुमिकालाई संस्थाले उच्च मूल्याकंन गरेको छ । तपाँई सदस्यहरुको सल्लाह सुझाबहरुलाई लेखाजोखा गरी उपयूक्त मार्गदर्शनको रुपमा लिई संस्थाले आफ्नो क्षमता अनुसार कार्यन्वयन गर्ने प्रयत्न गर्दै आएको छ । आज यस संस्थाको तेस्रो वार्षिक साधारण सभा सम्म आईपुग्न धेरै मेहेनत र परिश्रम गरिएकोछ । धेरै कुराहरु सिक्दै र सिकेका अनुभवहरुलाई व्यवहारमा परिणत गर्दै सदस्यहरुको सल्लाह सुझावहरुलाई सकारात्मक रुपमा लिदैं यस संस्थालाई सदस्यहरुको वितिय समाधान सहितको पहिलो संस्था बनाउने कार्यमा अग्रसर रही कार्य गरिदै आएको छ । सदस्यहरुको विश्वास सहयोग र सकारात्मक भावनाबाट संस्थाको सफलता सम्भव भएकोछ । यो प्रकृया आउँदा दिनहरुमा पनि भईनै रहनेछ भन्ने आशा लिएको छु ।

सहकारी अभियान हाम्रो जस्तो गरिबी, अचेतन र असंगठित समूदायलाई सशक्तीकरण गर्ने एउटा भरपर्दो माध्यम रहदै आएको छ । सहकारीलाई समुदायले हेर्ने दृष्टिकोण सकारात्मक रहेको छ । काठमाण्डौं जस्तो राजधानी सहरमा जनतालाई समृद्ध बनाउन र सामाजिक सुरक्षा पुर्याउने उद्देश्यका साथ यो संस्था संचालन हुदैं आएको छ । समुदायमा आधारीत रही समूदायको चासो र सदस्यको जिवनस्तर माथी उकास्ने, सदस्यलाई बचत गर्ने बानीको विकास गराई सर्वसुलभ रुपमा कर्जा सुविधा उपलब्ध गराउदै हामी अगाडी बढेका छौं।

संस्था संचालनको कममा संस्थाले थुर्पै आरोह अवरोहहरु पाँर गरिसकेकोछ। यहि कममा संस्थाले सम्हालेका तिता मिठा अनुभवहरुलाई आधार मानी संस्था संचालन गर्न सहज भएको अनुभव छ। संचालकहरुमा काधमा जिम्मेवारी , मनमा इमान्दारी र दिमागमा समझदारी हुनुपर्दछ भन्ने सिद्धान्तलाई व्यवहारमा उर्तान संस्था सफल भएको छ । सदस्यहरुको निरन्तर सहयोग शुभचिन्तकहरुको सकारात्मक दृष्टिकोण , कर्मचारीहरुको लगाव , नेतृत्व वर्गको इमान्दारीताको परिणाम स्वरुप संस्था आजको स्थितीमा आईपुग्न सफल भएको छ । यो प्रकृया निरन्तर भैनै रहनेछ भन्ने आशा व्यक्त गर्दछु ।

१) सम्पन्न दोस्रो वार्षिक साधारण सभा :

संस्थाको दोस्रो वार्षिक साधारण सभा मिति २०८१/०५/१५ गतेका दिन यस संस्थाका संस्थापक अध्यक्ष श्री टंक प्रसाद लुईटेल ज्यूको प्रमुख आथित्यतमा सम्पन्न भएको थियो । उक्त साधारण सभामा उत्कृष्ट बचत कर्ता , असल ऋणीलाई सम्मान गरिनुका साथै संस्थामा कार्यरक्त कर्मचारीहरुलाई सम्मान गरिएको थियो । उक्त सभाले वार्षिक कार्यकम तथा वजेट ,प्रगति प्रतिवेदन ,लेखा सुपरिवेक्षण समितिको प्रगति

प्रतिवेदन र वाह्रय लेखा परिक्षण प्रतिवेदन पारित गरी सम्पन्न गरेको थियो । उक्त सभामा ५१।५७ प्रतिशत सदस्यहरुको उत्साहजनक उपस्थिती रहेको थियो ।

२) सदस्यता वृद्धि तर्फ :

क.स.	सदस्यको वर्गीकरण	गत आ.व. सम्मको सदस्य संख्या	यस आ.व.को थप सदस्य संख्या	यस आ.व.को कुल सदस्य संख्या
१	पुरुष	२३०३	१०९	२४१२
२	महिला	५६७	९८	६६५
३	वाल बचत	१६५	१३	१७८

३) शेयर पुजी :

आ.व. २०८१/८२ को अन्त्यमा संस्थाको कुल शेयर पुजी रु १,०४,१६,३००।- छ। जुन गत वर्षको तुलनामा शेयर रकम १२.८४ प्रतिशत अर्थात रु ११,८५,०००।- वृद्धि भएको छ ।

४) बचत प्राप्ती तथा फिर्ता :

संस्थाको मेरुदण्ड भनेको सदस्यहरुबाट प्राप्त बचत नै हो । गत आ.व. को शुरुमा बचत रु ७,३०,२८,८००।४२ पैसा रहेकोमा यस आ.व. मा सदस्यहरुबाट रु ५८,३१,८९,०७४।२१ रुपैयाँ संकलन गरि रु ५५,५८,०१,५६४।९५फिर्ता भई रु २,७३,८७,५०९। २६ पैसाले वृद्धि भई यस आ.व.को अन्त्यमा रु १०,०४,१६,३०९।६८ पैसा भएको छ । जुन गत आ.व. को भन्दा ३७।५० प्रतिशतले वृद्धि हो । संस्थाले उपलव्ध विभिन्न बचत सेवाहरुमा सहभागी भई आफ्नो भविष्य सुनिश्चत गराउन तथा संस्थाको कारावारमा वृद्धि गर्नुहुन अनुरोध गदुर्छ ।

५) ऋण लगानी तथा असुली :

बचत तथा ऋण सहकारी संस्थाको स्वस्थता र गतिशिलता भनेकै सदस्यहरुबाट संकलित बचत सदस्यहरुलाईनै सर्वसुलभ ढगंबाट ऋण प्रदान गरि नियमित रुपमा असुल गर्नुनै हो । संस्थाले आ.व. २०८१/८२ मा १४४ जना सदस्यहरुमा रहेको रु ५,४२,४३,९५६।४२ यस वर्ष थप रु ११,८७,६१०००।- ऋण लगानी गरी यस वर्षमा रु. ७,९६,८६,७६०।४० असुली भई यस आ.व.को अन्त्यमा १८२ जना सदस्यहरुमा रु. ९,३३,१८,१९६।०२ ऋण लगानीमा रहेको जानकारी गराउदछु । जुन गत आ.व. को भन्दा ७२।०३ प्रतिशतले वृद्धि भएको छ ।

६) संस्थाको लगानी :

संस्थाको नेपाल बचत तथा ऋण सहकारी संस्था लि. को मा रु १,५०,०००।- ,काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.मा रु १,४०,०००।-राष्ट्रिय सहकारी वैकमा लि.मा रु १०,०००।- , जिल्ला सहकारी संघ लि. मा रु ५०००।- र बागमति प्रदेश बचत तथा ऋण सहकारी संघमा रु १०,०००।-गरि जम्मा रु ३१५,०००।- शेयर लगानीमा रहेको जानकारी गराउंदछु ।

७) कर सम्वन्धी व्यवस्था :

आ.व. २०८१/८२ मा संस्थाले व्याजकर रु. ४,६३,२२४, घरबहाल कर रु ५३,६८२।-,तलब कर २३४९३।- , अन्य कर १८५७ र आय कर १,२७,५१३।- राजश्वमा योगदान दिएको छ ।

८) नाफा :

आ.व. २०८१/८२ मा संस्थाले जम्मा आम्दानी रु.१,३९,३३,६२५।-र कुल खर्च रु १,२९,७४,२७०।२६ गरि जम्मा संचालन मुनाफा रु ९,५९,३५५।७२ रहेको छ ।

९) जगेडा तथा अन्य कोषहरु :

यस आ.व.को अन्त्यमा साधारण जगेडाकोषमा रु १,०१,२३,४३१।०७ र सम्भावीत ऋण जोखिमकोषमा रु ३०,१६,२९४।०६ रहेको जानकारी गराउन चाहान्छु ।

१०) संचालक समितिको वैठक विवरण :

यस आ.व.२०८१/८२ को नीति , कार्ययोजना र कार्यकमहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्न संचालक समितिको २०८२ असार मसान्त सम्म जम्मा २३ पटक वैठक वसेको छ । वैठकबाट समय सान्द्रर्भिक रुपमा

संस्थाको आवश्यकताअनुसार विभिन्न नीति नियमहरु निमार्ण गर्ने , भए गरेका आय व्यय अनुमोदन गर्ने काम गरिरहेको छ । त्यसै गरि विभिन्न नीति नियमहरु संसोधन र परिमार्जन गरी आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यन्वयन गर्ने कार्य गरिरहेको छ ।

११) लेखा सुपरिवेक्षण समिति वैठक विबरण :

यस आ.व.२०८१/८२ को नीति , कार्ययोजना र कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्न संचालक समितिको २०७२ असार मसान्त सम्म जम्मा ४ पटक वैठक वसेको छ। वैठकबाट समय सान्द्रभिक रुपमा संस्थाको आवश्यकता अनुसार वैठक वसि संस्थाको आयव्यय र संस्थाको आन्तरीक लेखापरिक्षण गरि संचालक समिति ,उपसमिति तथा कर्मचारीहरुलाई निर्देशन र सुझावहरु दिने कार्य गरिरहेकोछ ।

१२) ऋण लगानी तथा असुली उपसमितिहरुको वैठक विबरण :

यस आ.व. २०८१/८२ मा ऋण लगानी तथा असुलीलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि यस उपसमितिको २०८२ असार मसान्त सम्म जम्मा ४० पटक वैठक बसेको छ । वैठकबाट सुरक्षित ऋण लगानी गरिनुको साथै प्रभावकारी रुपमा ऋण असुलीका लागि कार्ययोजना तयार गरि लागू गर्दै आएको छ ।

१३) आन्तरीक लेखा परिक्षण तथा परामर्श :

यस आ.व. २०८१/८२ बाट संस्थाको हरहिसाबमा पारदर्शिता तथा संस्थागत सुशाषनको लागि र संस्थाको संचालक समिति तथा कर्मचारीलाई परामर्श गर्नका लागि ट्रिस्टी म्यानेजमेन्ट कन्सल्टेन्सीसंग सम्झौता गरि मासिक आन्तरीक लेखा परिक्षण गरि प्रतिवेदन लिदै आएको जानकारी गराउन चाहान्छु ।

१४) संस्थाको आवद्धता :

यस संस्थाको निम्न संस्थाहरुमा आवद्ध रहेको जानकारी गराईन्छ ।

क.स.	**आवद्ध संस्था**	**आवद्ध मिति**
१	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.	२०६५/०७/२१
२	काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.	२०६७/१२/२१
३	जिल्ला सहकारी संघ	२०६८/०३/१९
४	राष्ट्रिय सहकारी वैंक	२०६९/०५/३१
५	प्रदेश बचत तथा ऋण सहकारी संघ लि.	२०८१/०७/१३

१५) कर्मचारी व्यबस्थापन

क) सेवा सुविधाहरु :

संस्थालाई सफलताका साथ अगाडी बढाउनको लागी संस्थामा कार्यरत कर्मचारीहरुको महत्वपुर्ण भुमिका रहेको हुन्छ । संस्थाले अवलम्नवन गरेका नीति , निर्देर्शिकाहरुको कार्यन्वयन र संस्थाले लिएको लक्ष्यलाई पूरा गर्ने प्रमुख जिम्मेवारी व्यवस्थापनको हुने भएकाले कर्मचारीहरुको योगदानलाई दृष्टिगत गरी संस्थाको मासीक तलबको अलावा निम्न बमोजीमको सेवा सुविधा उपलव्ध गराईएकोछ ।

अ) दशै खर्च : दशै खर्च वापत १ महिनाको तलब बराबरको रकम उपलव्ध गराउने व्यबस्था गरेको छ ।

आ) पोशाक खर्च : कार्यलय कर्मचारीलाई वार्षिक रु ५०००।- बरावरको पोशाक खर्च उपलव्ध गराइएको छ ।

ई) वोनस सुविधा : प्रत्येक कर्मचारीलाई १ महिना बरावरको वोनस स्वरुप उपलव्ध गराईएको छ ।

इ) महगीं भत्ता : संस्थामा कार्यरत्त कर्मचारीहरुलाई पद अनुसार रु ११५०।०० देखी रु ७५००।०० सम्म महगीं भत्ताको सुविधा उपलव्ध गराईएको छ ।

१६) कार्यलय व्यवस्थापन :

संस्थाको स्तर उन्नती संगै संस्थागत विकाश र आवश्यकतालाई समय सापेक्ष आधुनिकिकरण गर्दै जाने योजनाअनुसार सदस्यहरुलाई सहज पहूंच रहने र विस्वास हुने गरी सेवा सुविधा प्रदान गर्न काठमाण्डौ-६,वौद्ध टुसालमा आधुनिक कार्यलय व्यवस्थापन गरिएको छ । सदस्यहरुलाई हप्तामा शनिवार वाहेक ६ दिनै

विहान १० वजे देखि ५ वजे सम्म सेवा दिदै आएको छ । यसै गरी सदस्यहरुको घरदैलोमा गएर दैनिक बचत तथा ऋणको किस्ताहरु उठाउने कार्य गरि आएको छ ।

१७) वाल सदस्यलाई शैक्षिक सामग्री तथा खुत्रुके वितरण :

वाल सदस्यलाई प्रोत्साहन तथा बचत गर्न प्रोत्साहित गर्ने उद्देश्यले संस्थामा रहेका सम्पूर्ण वाल सदस्यहरुलाई वाल सदस्यको जन्मदिनको अवसरमा केक उपहार वितरण गर्ने गरिएकोछ । यसै गरि वाल सदस्यहरुलाई लक्षित गरी खुत्रुके वितरण कार्य गरिएको छ । वाल सदस्यहरुलाई खुत्रुकेमा ससानो बचत बच्चा देखीनै गर्न लगाई बचत गर्ने वानीको विकाश गराउनु हुन अनुरोध गर्दछु ।

१८) नर्व वर्ष २०८२ को शुभकामना आदान प्रदान तथा संस्था स्थापना दिबस र वनभोज कार्यक्रम :

संस्थाले सदस्यहरुलाई नव बर्षको शुभकामना आदान प्रदान , संस्थन स्थापना दिबस र वनभोज कार्यक्रमको सयूक्त रुपमा मिति २०८१/१२/२७ गते आयोजना गरी विभिन्न मनोरन्जनात्मक कार्य संचालन गरीयो । यस कार्यक्रममा संस्थाका ३५० जना सदस्यको उत्साहजनक उपस्थिति रहेको थियो ।

१९) सुचना तथा प्रकाशन :

सदस्यहरुलाई संस्थाको सेवा तथा सुविधाहरु,कार्यक्रमहरुको वारेमा जानकारी दिन विभिन्न माध्यमहरुको प्रयोग गरिदै आएको छ । सुचनाको प्रवाह गर्नका लागि सुचनापेटी, चिठ्ठी पत्र, एस.एम.एस सेवा ,इमेल,फेसवुक,पत्रपत्रिकामा सुचना प्रकाशन गरी जानकारी दिदै आएकोछ । यसै गरी सदस्यहरुको जानकारीका लागि प्रत्येक महिनाको आर्थिक गतिविधि सवै   सदस्यहरुले देख्ने गरी राखिएकोछ । सदस्यहरुको गुनासो तथा सुझाव लिनका लागि सुझावपेटीकाको व्यवस्था गरिएको छ ।

२०) आधुनिक प्रविधिको उपयोग र विकाश :

१) डाटा व्यवस्थापन सफ्टवेयर : संस्थाले सम्पुर्ण कारोबारलाई कम्प्युटराइज प्रणलीबाट Core Banking Software को माध्यमबाट संचालन गर्दै आएको छ ।

२) डिजिटल भुक्तानी प्रणाली : संस्थाले Digital Transformation System लाई थप प्राथमिकतामा राखी डिजिटल भुक्तानी प्रणाली अन्तर्गत Fone Pay (QR Payment) ,Esewa जस्ता Digital Wallet मार्फत भुक्तानी व्यवस्था मिलाएको छ ।

३) **Mobile Appliction :** सदस्यहरुले आमा साकोसको मोवाईल एप वाट खाताको विबरण हेर्ने र कारोवार गर्न सक्ने व्यवस्था मिलाईएको छ ।

४) सामाजीक सञ्जालको प्रयोग : संस्थाले बिभिन्न सुचनाहरु संस्थाको अफिसियल सामाजीक संजाल मार्फत सुचना प्रवाह गरेकोछ ।

५) **Cloud Base Data Storage - क्लाउड डाटा स्टोरेज**) : संस्थाको कारोबार लगाएत सदस्यहरुको सदस्यहरुको जानकारी सुरक्षित गर्नका लागि क्लाउड प्रविधि व्यवस्था गरेको छ ।

६)**Electronic Utility Payments :** internet bill ,TV Bill Payment, Mobile-Topup,Electricity-Bill Payment, खानेपानी विल भुक्तानी तथा अन्य भुक्तानी गर्न सकिने व्यवस्था मिलाईएको छ ।

७) **CCTV Survelliance (सिसिटिभी निगरानी)** : कार्यलयको सुरक्षा सुनिश्चित गर्न सिसिटिभिको व्यवस्था गरेको छ ।

८) **QR Code Payments (क्यू आर कोड भुक्तानी**) : छिटो सजिलो भुक्तानीका लागि क्यू आर कोडबाट भुक्तानी गर्न सकिने व्यवस्था मिलाईएको छ ।

२१) सदस्य शिक्षा कार्यक्रम :

सदस्यहरुलाई सहकारी शिक्षा तथा संस्थामा सदस्यको अधिकार कर्तव्य तथा दायित्वको जानकारी गराउने, संस्थाले उपलव्ध गराएका सेवा तथा सुविधाहरुको जानकारी दिने उद्देश्यले सदस्यहरुलाई निरन्तर रुपमा सदस्य शिक्षा कार्यक्रम संस्थाको हलमा प्रत्येक हप्ताको सोमवार ११ वजे बिहान संचालन गरिदै

आएको छ । यो कार्यकम सहभागी भई संस्थाका सेवा सुविधाकोवारेमा जानकारी लिन र सहकारी सम्वन्धी गतिविधीको जानकारी लिनका लागि अनुरोध गर्दछु ।

२२) संस्थामा लागू भएका नीतिहरु :

संस्थालाई सहकारीको मूल्य मान्यता अनुरुप संचालन गर्न तथा संस्था व्यक्तिद्धारा संचालित गर्ने नभई नीतिवाट संचालन गरिनुपर्छ भन्ने मान्यतालाई आत्मासात गर्दै समायनुकुल निम्नानुसार नीति तथा कार्यविधीहरु आ.व. २०८१/८२ सम्म पारीत गरि लागू गरिएकोछ ।

१) आर्थिक प्रशाषन नीति	२)साधरण सभा संचालन कार्यविधी
३) कर्मचारी परिचालन नीति	४) बैठक संचालन तथा भक्ता वितरण कार्यविधि
५) शेयर नीति	६) घाटा व्यवस्थापन कोष
७) ऋण परिचालन नीति	८) बचत परिचालन नीति

२२) सदस्य वृद्धि अभियान :

संस्थाको कार्य क्षेत्र भित्र रहेर संस्थाका सदस्य वन्न छुट्नु भएका सदस्यहरुलाई सदस्य थपका लागि १२ महिना सदस्य वृद्धि अभियान गरिदै आएकोछ ।

२३) ऋण सापटी : सदस्यहरुको आर्थिक तथा व्यवसायीक उन्नतीका लागि संस्थाको स्रोतबाट अपुग भएको रकम नेफ्स्कुनबाट रु १,१९,००००।- ऋण सुविधा लिई सदस्यहरुमा लगानी भएको जानकारी गराउँदछु ।

२३) सम्मान तथा पुरस्कार :

यस संस्थाको विकाश तथा विस्तारमा सहयोग पूऱ्याउने विभिन्न महानुभावहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

१) उत्कृष्ट ऋणी सदस्य २०८०/८१ : विष्णु बहादुर विश्कर्मा ,लक्ष्मी गाईने

२) उत्कृष्ट बचत सदस्य २०८०/८१ : सरिता पौडेल , लक्ष्मण पौडेल

३) उत्कृष्ट वाल बचत सदस्य २०८०/८१ : सम्राट तामाङ, प्रजना अधिकारी

४) जेष्ठ नागरिक सदस्य : सैनध्वज कार्की

५) कर्मचारी सम्मान : संस्थाका सम्पुर्ण कर्मचारी

प्रस्तुत प्रगति प्रतिवेदन अध्ययन गर्नु भई रचनात्मक सल्लाह सुझावहरु दिई पारीत गरिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु । माथि उल्लेखित कार्यक्रमहरु सञ्चालनमा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने संचालकसमिति लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरु, कर्मचारीहरु वर्ग तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघ संस्था एवंम महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा, सदस्यहरुले संस्थाले प्रदान गरेका हरेक बचत तथा ऋण सेवाको उपयोग गर्नुको साथै यसका अन्य कार्यक्रमहरुमा सहभागिता जनाई संस्थाको कारोबारमा दिगो बृद्धि गर्न सहयोग पुऱ्याउनु हुन्छ भन्ने आशा राख्दै नजिकिदै गरेको महान् चाड विजया दशमी , शुभ दिपावली, छठ ,ल्होसार आदिको अग्रिम शुभकामना दिदै मेरो यो प्रगति प्रतिवेदन यहि टुङ्ग्याउन चाहन्छु ।

धन्यबाद ,जय सहकारी

आमा वचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं-६, वौद्ध
लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन

आमा वचत तथा ऋण सहकारी संस्था लि. को तेस्रो वार्षिक साधारण सभाका अध्यक्ष एवं सभापति ज्यु, प्रमुख अतिथी ज्यु, विशिष्ट अतिथीज्युहरु, अन्य अतिथी ज्यूहरु, संचालक समितिका पदाधीकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्य ज्युहरु, ऋण लगानी उप समितिका पदाधीकारीज्यूहरु, सल्लाहकार समितिका संयोजक एवं सदस्य ज्युहरु, सम्पुर्ण शेयर सदस्य ज्युहरु, पत्रकार ज्युहरु, कर्मचारी साथीहरु र अन्य सम्पुर्ण व्यक्तित्वहरुमा लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

१. आ.व. २०८१/०८२ को वित्तिय अवस्था :

विवरण	गत वर्षको २०८०/०८१	यस आ.व. २०८१/०८२
शेयर सदस्य संख्या	२८७० (म ५६७/पु २३०३)	३०७७ (म ६६५ पु २४१२)
शेयर पुंजी :	९२,३०,९००/-	१,०४,१६,३००/-
कुल वचत	७,३०,२८,८००/-	१००४१६३०९/-
कर्जा परिचालन	५,४२,४३,९५६/-	९३३१८१९६/-
वैंक तथा नगद मौज्दात	१,३४,८५,८०६/-	१५९१३४२७/-
जगेडा तथा अन्य कोषहरु	१,०१,२३,४३१/-	१०१२३४३१/-
सम्भावित ऋण जोखिम व्यवस्था	२६,१६,९२४/-	३०१६२९४/-
स्थिर सम्पत्ति	३३,६५,४०६/-	३३१६२१३/-
अन्य ठाउँमा लगानी (शेयर)	२,८२,४३०/-	३५८६७७/-
बाह्य ऋण	नभएको	११३०५०००/-
शुद्ध व्यालेन्स सिट	९,२८,२३४४२/-	१३४००३५६०/-

२. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था : मिति २०८१ साल भाद्र १५ गते सम्पन्न भएको साधारण सभाबाट भएका निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

३. आ.व. २०८१/०८२ मा बसेको वैठकको संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

क) संचालक समितिको वैठक : २३ पटक
ख) लेखा सुपरिवेक्षण समिति बैठक : ४ पटक
ग) ऋण उपसमितिको वैठक : ४० पटक
घ) कर्मचारी छनौट उपसमिति : २ पटक

निर्णयहरुको कार्यान्वयनको अवस्था : अधिकांश निर्णयहरु कार्यान्वयनमा रहेका तथा केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेका छन्, संचालक समितिबाट केही निर्णय गर्नुपर्ने अवस्थामा नियमित बैठक भन्दा अन्य समयमा पनि बैठक बस्ने गरेको पाइयो ।

४. संस्थामा भएका विनियम तथा निति निर्देशिकाहरु

क) वचत परिचालन नीति
ख) ऋण परिचालन नीति
ग) आर्थिक प्रशासन नीति
घ) शेयर नीति
ङ) सञ्चालक समितिको बैठक संचालन कार्यविधि र आचार संहिता
च) कर्मचारी प्रशासन नियमावली
छ) सदस्य सेवा नीति

५. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था :

क) संस्थाको ऋण निति अनुसार ऋण उपसमितिको निर्णयबाट तथा ऋण उपसमितिको सिफारिसमा संचालक समितिको निर्णयवाट ऋण लगानी गर्ने गरिएको,
ख) धितो सुरक्षण वापत जायजेथा राख्ने गरिएको । साथै दैनिक नियमित किस्ता उठ्ने सदस्यहरुलाई विना धितो रु. ५ लाख सम्म ऋण लगानी गर्ने गरेको छ ।
ग) साधारणतया धितो कर्जाको हकमा १० लाख भन्दा माथिको धितो कर्जाको हकमा वाहृय मुल्याङ्कनकर्तावाट धितो मुल्याङ्कन गर्ने गरिएको ।

घ) धितो तथा विना धितो ऋण लगानी गर्दा ऋण समितीका सदस्यहरु तथा व्यवस्थापक, ऋण अधिकृतहरु व्यवसाय तथा धितो निरिक्षण गर्न जाने गरेको ।

६. सहकारी विभागवाट जारी गरिएको मापदण्डहरुको पालना सम्वन्धि संक्षिप्त विवरण :

विभागवाट जारी भएको मापदण्डहरुको पालना गर्ने हरसम्भव प्रयासरत रहेको देखिन्छ ।

७. सहकारी कार्यालय, विभाग वा सम्वन्धित संघले अनुगमन गरि दिएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्वन्धी विवरणहरु :

सहकारी कार्यालय, विभाग वा सम्वन्धित संघबाट निरिक्षण/अनुगमन नभएको ।

८. पदाधिकारीहरुको पारिश्रमिक भत्ता र अन्य सुविधाहरुको विवरण :

संस्थाका पदाधिकारीहरुले कुनै पनि पारिश्रमिक, भत्ता तथा सुविधाहरु नलिएको पाईयो । संस्थाको दैनिक कार्यसंचालनको निमित्त १ जना व्यवस्थापक नियुक्त गरिएको छ । निजको पारिश्रमिक भत्ता र अन्य सुविधाहरु देहाय बमोजिम रहेको छ ।

क) परिश्रमिक : व्यवस्थापकको तलव रु. ४४०००/- (ग्रेड बाहेक)

ख) भत्ता : ५०००/-

९. कर्मचारी प्रशासन सम्वन्धि व्यवस्थाहरु :

क) कर्मचारी प्रशासन विनियमावली पारित गरी सोही अनुसार कर्मचारी परिचालन गरिएको देखिन्छ ।

ख) कर्मचारीहरुको भर्ना प्रकृया र संख्या :

करार : ७ जना (स्थाई कर्मचारी नभएको)

१०. लेखा सुपरिवेक्षण समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था : सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइयो ।

११. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु : अन्य विवरणहरु नभएको ।

१२. सवल पक्षहरुः

क) प्रिन्टेड चेक मार्फत कारोबार गर्ने गरिएको ।

ख) चेक बाहक व्यक्ति संस्थाको सदस्य नभएको खण्डमा तथा संस्थाको सदस्य भए पनि अन्य व्यक्तिले चेक लिएर आएमा सम्बन्धित सदस्यलाई फोन मार्फत सोधेर मात्र चेकको भुक्तानी गर्ने गरिएको ।

ग) सहकारी विभागले तोकेको मापदण्ड अनुसारको रकम राख्न र झिक्न मिल्ने व्यवस्था भएको ।

घ) दैनिक वित्तिय विवरण हार्डकपी तथा सफ्टवयरमा अद्यावधिक गर्ने गरेको ।

ङ) दैनिक वित्तिय विवरणको रिपोर्ट संचालक समितिलाई दैनिक ह्वाट्स एप ग्रुप मार्फत पठाउने गरिएको र आवश्यक छलफल समेत हुने गरेको ।

च) ऋण लगानी तथा असुलीको लागि संचालक समिति तथा ऋण समितीको नियमित बैठक बसी निर्णय गरेर लगानी गर्ने गरिएको ।

छ) हायर पर्चेज कर्जा अर्न्तगत सदस्य बनारसी देवी शाहलाई लगानी गरिएको ऋण समयमा चुक्ता नभएको कारण सावाँ व्याज सहित रु. तिस लाख रुपैया बराबरको सिराहा जिल्ला साविक फुलबारीया गा.वि.स. वडा नं. ६ को कित्ता नं. २ को ३ कठ्ठा १४ धुर जग्गा मिति २०८०/०४/१६ मा संस्थाको नाममा ल्याइएको देखिन्छ ।

ज) भाखा नाघेको ऋण असुली गर्नका लागि संस्थका संचालक ज्युहरु र कर्मचारीहरुले विशेष ध्यान दिएको र फिल्ड भिजिट गर्ने गरिएको पाइयो जसकारण भाखा नाघेको ऋण घट्दै गएको देखिन्छ ।

झ) विद्यमान अवस्थामा सहकारीहरुलाई आम नागरिकबाट हेर्ने दृष्टिकोण राम्रो नभएता पनि यस आमा वचत तथा ऋण सहकारीलाई सदस्यहरुले विश्वास गरेको र गत आ.व. ८०/८१ भन्दा करिब ३७.५० प्रतिशत अर्थात रु. २,७३,८७,५०९/- ले वचत वृद्धि भएको पाइयो ।

ञ) अदातलको मुद्दा प्रक्रियामा रहेका ३ वटा खराब ऋणीहरु (फडिन्द्र बहादुर कटवाल, युवराज कटवाल र तेज बहादुर अधिकारी) को मुद्दा काठमाडौ जिल्ला अदातलको मिति २०८० साल चैत्र २८ गतेको फैसला अनुसार संस्थाको पक्षमा निर्णय भई कार्यन्वयनका लागि जिल्ला अदालत काठमाण्डौंमा पेश गरेको पाईयो ।

ट) संस्थाका संचालक, लेखा समिति, कर्मचारीहरु तथा निजहरुका परिवारको नाममा रहेको ऋणमा भाखा ननाघेको देखिन्छ ।

ठ) संस्थाका संचालक समितिका पदाधीकारीहरु, संचालक सदस्यहरु र विभिन्न उपसमितिका पदाधीकारी तथा सदस्यहरुले कुनै पनि किसिमको तलब, भत्ता र सेवा सुविधा नलिएको देखियो ।

१३. लेखा समितिको सुझावहरु :

क) भाखा नाघेका ऋण असुलिको लागी संचालक समितिका सदस्यहरुवाट समेत पहल गरि खराव कर्जाको आकार अझै घटाउनुपर्ने तथा व्याज असुलिमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

ख) भाखा नाघेका कर्जाहरुको लागी तोकिए बमोजिम कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

ग) संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, नियमावलीहरु तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

घ) संस्थाका संचालक, लेखा समिति, विभिन्न उपसमितिहरु र कार्यरत कर्मचारीलाई आवश्यक तालिम, भ्रमण तथा गोष्टिहरुको आयोजना गरी सहभागी गराउनुपर्ने देखिन्छ ।

ङ) संस्थाद्धारा ३ वा ५ वर्षे रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

च) संस्थामा सदस्यता वृद्धि गर्नु पर्ने देखिन्छ तर संख्यात्मक सदस्य भन्दा पनि नियमित कारोबार गर्ने सदस्यलाई प्राथमिकता दिइ कारोबार गर्नुपर्ने देखिन्छ ।

६) यस आ.ब. मा पारित गरि कार्यावन्यवन गनुपर्ने नीति निर्देशिकाहरु

१. नगद व्यवस्थापन कार्यविधि
२. भाखा नाघेको ऋण र असुली नीति
३. सदस्य राहत नीति
४. साधारण सभा संचालन कार्यविधि
५. सानो नगदी कोष व्यवस्थापन नीति
६. निर्वाचन नीति
७. बाह्य ऋण सापटी नीति

अन्त्यमा, आमा वचत तथा ऋण सहकारी संस्था तथा संचालक समितिलाई विश्वास गरि यस संस्थामा निरन्तर रुपमा नियमित करोबार गर्नुहुने सम्पुर्ण शेयर सदस्य ज्युहरु, नयाँ शेयर सदस्य ज्युहरु, विभिन्न उपसमितिमा रहनुहुने सदस्य तथा पदाधीकारी ज्युहरु, संस्थाले राखेको लक्ष्य पूरा गर्न तथा सदस्यहरुको सेवाको लागि अहोरात्र कडा परिश्रम गर्नुहुने कर्मचारीहरु ज्युहरु र विभिन्न अरोह अवरोह पार गर्दै संस्थालाई नयाँ उचाई दिन सक्षम संचालक समितिका सम्पुर्ण पदाधीकारी र संचालक ज्युहरु प्रति उच्च सम्मान छ । साथै आउँदै गरेको विजया दशमी, शुभ दिपावली, छट लगायतका विभिन्न पर्वहरुको लागि शुभकामना दिन चाहन्छौ । धन्यवाद । जय सहकारी ।

श्री हरि बहादुर विष्ट	: संयोजक	....
श्री सन्तोष कुमार खत्री	: सदस्य	....
श्री बोलबम भगत	: सदस्य	....

मितिः २०८२ भाद्र १४ गते शनिवा

आमा बचत तथा ऋण सहकारी संस्था लि.

काठमाण्डौ-६ ,बौद्ध

आर्थिक बर्ष २०८१/८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन

केदार कटवाल

यस सस्थांको वार्षिक साधारण सभाका सभापति ज्यू ,प्रमुख अतिथि ज्यू, अतिथिज्यूहरु सञ्चालक समिति, लेखा सुपरिबेक्षण समिति र ऋण उप-समितिका पदाधिकारी ज्यूहरु ,बिभिन्न उप-समितिका पदाधिकारीहरु ,कर्माचारी बर्ग उपस्थित पत्रकार मित्रहरु तथा यहाँ उपस्थिति सम्पूर्ण शेयरधनी सदस्य साथीहरुमा यस संस्थाका तर्फबाट र मेरो व्याक्तीगत तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

२०६५ साल वैषाख १३ गते संस्था स्थापना भइ बिभिन्न वाधा अवरोधका बिच सदस्यहरु माझ अनवरत रुपमा सेवा पुऱ्याउदैं आएको यस आमा बचत तथा ऋण सहकारी संस्था लि.को वार्षिक साधारण सभामा कोषाध्यक्षको नाताले आर्थिक वर्ष २०८१/८२ को संस्थाको आर्थिक प्रतिवेदन स-गौरब यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्दित महशुस गरिरहेको छु । देशमा अझै कायम रहेको प्रतिकुल आर्थिक तथा राजनैतिक अवस्थाले गर्दा सम्पुर्ण क्षेत्रमा परिरहेको प्रभाव तथा असामयिक घटनाक्रमको बिचमा पनि शेयर सदस्यहरुको न्यानो माया र सक्रिय सहयोगले यो संस्था दिनानु दिन आर्थिक कारोबारमा मजबुद हुदै गईरहेको विश्वाश हामीले गरिहेका छौं भन्ने निश्चयनै यहाँहरुले पनि महशुष गरिसक्नुभएको होला भन्ने विश्वास मैले ठानेको छु । व्यक्ति, समुदाय, र राष्ट्र विकाश मानै अमुल्य योगदान पुऱ्याउँदै आईरहेको यस सहकारीलाई अझ चुस्त तुरस्त बनाई सबल बनाउन तपाँईहरुको सहयोग, सदभाव, सहकार्य, र सहयोगको अपेक्षा गर्दछु । यस कारण यहाँहरुको सक्रिय सहयोग रहनेछ भन्ने पूर्ण बिश्वाश राखेको छु ।

तपाई हाम्रो आर्थिक ,सामाजिक एवं साँस्कृतिक उत्थान गर्नका साथै सदस्य-सदस्यहरु विच पारिवारिक घनिष्टता अभिवृद्धि गर्ने उद्येस्यले स्थापित यस संस्थाले तपाईहरुको साथ र सहयोगमा संस्थाको लक्ष्यलाई आत्मासाथ गर्दै प्रगतिको बाटोमा लम्कदै गई रहेको मैले अनुभव गरेको छु । सवै सदस्यहरुको सुःख-दुःख साटासाट गर्ने थलोको रुपमा विकसित यो संस्था यहाँ सम्म ल्याई पुऱ्याउन सवैको अतुलनिय योगदान रहेको छ । सबै शेयर सदस्यहरूको आफ्नो पहिलो रोजाईको वित्तिय संस्था बनाउन हामी हर प्रयासरत्त लागि रहेका छौं । बेला बेलामा आई पर्ने वित्तिय संकटले हामीलाई केही अप्ठ्यारो पार्ने महसुस पनि गरेका छौ । त्यसका बावजुत पनि आफ्ना शेयर सदस्यज्यूहरूलाई सके सम्म वित्तिय समाधान गरि रहेको म यहाँहरूलाई विश्वास दिलाउन चाहान्छु । साथै म कोषध्यक्षको हैसियतले सम्पूर्ण शेयर सदस्य महानुभाबहरुलाई यस संस्थाको हिसाब किताब सबै पारदर्शि रहेको छ । खर्च तथा आम्दानीहरुको सरल ढगंले संचालन गरीएको जानकारी गराउन चाहान्छु ।

यस आर्थिक वर्ष २०८१/८२ को अन्त्य सम्म गत आर्थिक वर्षको भन्दा २०७ जनाले वृद्धि भई ३०७७ पुगेको जानकारी गराउन चाहान्छु । शेयर पुजिँ गत आ.व.मा रु ९२,३०,९०० रहेकोमा ११,८५,४०० ले वृद्धि भई रु १,०४,१६,३०० पुगेको जानकारी गराउन चाहान्छु । गत आ.व.मा सदस्यको बचत रु ७,३०,२८,८०० रहेकोमा यस आ.व. मा रु २,७३,८७,५०९ ले वृद्धि भई रु १०,०४,१६,३०९ पुगेको छ ।त्यसै गरि सदस्यमा रहेको ऋण लगानी गत आ.व.मा रु ५,४२,४३,९५६ रहेकोमा यस आ.व. मा रु ३,९०,७४,२४० ले वृद्धि भई रु ९,३३,१८,१९६ पुगेको जानकारी गराउन चाहान्छु । यसै गरि संस्थाको जम्मा सम्पि तगत आ.व. मा रु ९,२७,१८,२०६ रहेकोमा यस आ.व. मा रु ४,१२,८५,३५४ ले वृद्धि भई रु १३,४०,०३,५६० पुगेको जानकारी गराउन चाहान्छु ।

यस आमा साकोस काठमाण्डौको एक सक्षम र सवल संस्थाको रुपमा परिचित हुन पुगेको छ । आर्थिक पारदर्शिता , सहि नेतृत्व , सदस्यहरुको इमान्दरीता, सञ्चालक एंव कर्मचारीहरुको दिनरातको मेहनत सदस्यहरुको माया सदभाववबाट नै आमा साकोस यो अवस्थामा आई पुग्न सफल भएको छ ।त्यसैले संस्थालाई अझै सुदृण बनाउनको लागि नियमअनुसार नियमित बचत गर्नु ,लिएको ऋण सहि सदुपयोग गर्नु तथा ऋणको नियमित किस्ता बुझाउने वानी वसाल्नु सदस्यको मुल कर्तव्य हो । त्यसैले यी सबै कुराहरुलाई मध्यनजर गर्दै हाम्रा शेयर सदस्यहरुले सधैं संस्थाको हितमा कार्य गर्नुहुन्छ भन्ने मैले विस्वास लिएको छु ।

अब तपाईहरु समक्ष आर्थिक बर्ष २०८१/८२ को लेखा परिक्षक श्री सागर के.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्सको तर्फबाट सिए. सागर के.सी. ज्यूबाट प्रस्तुत संस्थाको आर्थिक कारोवारको विस्तुत बिवरण , वासलत तथा अन्य विबरण सहतिको प्रतिवेदन यहाँहरुको हात हातमा रहेको हुदाँ सो लेखा परिक्षण प्रतिवेदन अध्ययन गनु भई रचनात्मक सल्लाह सुझाव दिई पारित गर्न सहयोग गरिदिनुहन अनुरोध गर्दछु । जय सहकारी ॥